# मुस्ताङ्ग जिल्लामा दूध ढुवानी सहयोग कार्यक्रमको मापदण्ड २०७६

**सप्लायर्स (दुग्ध सहकारी संस्था) को छनौट र सम्झौताः**

- कार्यालयले प्रति इकाई ढुवानी सहयोग रकम (अंक तथा अक्षरमा) उल्लेख गरेको सिलवन्दी दरभाउ प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्ने।
- कार्यालयमा प्राप्त प्रस्तावहरु मध्येबाट तोकिएको न्यूनतम परिमाणको दूध ढुवानी गर्ने गरी कम अंकको प्रति इकाई ढुवानी सहयोग माग गर्ने सप्लायर्स छनौट गरी सम्झौता गर्ने।

**सप्लायर्सको योग्यताः**

- साप्ताहिक रुपमा न्यूनतम २५०० लिटर दूध संकलन गर्ने क्षमता भएको।
- दूध ढुवानीका लागि चिलिङ्ग सिस्टम सहितको ढुवानी साधन भएको।

**सप्लायर्सले पुरा गर्नुपर्ने शर्तहरुः**

- गण्डकी प्रदेशको दूध उत्पादन क्षेत्रहरुबाट दूध संकलन गरी मुस्ताङ्गसम्म ढुवानी गर्नुपर्ने।
- मुस्ताङ्ग जिल्लाको जोमसोम र कागवेनी वजार क्षेत्रमा दूध विक्रीका लागि डेरी पसल संचालन गर्नुपर्ने।

**दूधको गुणस्तरः**

- गाईको दूध (Whole milk) मा न्यूनतम ३.५% फ्याट तथा ७.५% एस.एन.एफ., भैंसीको दूध(Whole Milk) मा ५% फ्याट तथा ८% एस.एन.एफ र गाईभैंसीको मिश्रित दूध (Whole Milk) मा न्यूनतम ३.५% फ्याट र ८ % एस.एन.एफ भएको हुनुपर्ने।
- तोकिएको स्थान सम्म दूध ढुवानी गरी पुर्याई सकेपछि Clot on Boiling जाँच गर्दा नफाट्ने हुनुपर्ने।

**भुक्तानी प्रकृयाः**

- भुक्तानीका लागि सप्लायर्सले चौमासिक रुपमा ढुवानी गरेको दूधको परिमाण सम्वन्धि विवरण भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दीबाट प्रमाणित गराई चौमासिक अवधि सकिएको १० दिन भित्र कार्यालयमा निवेदन पेश गर्ने। तर, तेस्रो चौमासिक अवधिको ढुवानी सहयोग भुक्तानीका लागि असार महिनाको २० गते भित्र निवेदन पेश गरिसक्नु पर्ने।
- प्रति लिटर दूध ढुवानी बापत सम्झौतामा उल्लेख भए अनुसारको शर्तका अधिनमा रही मन्त्रालयले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दीको सिफारिस र मन्त्रालयको अनुगमन प्रतिवेदका आधारमा भुक्तानी व्यवस्था मिलाउने।